## खरिदार वा सो सरह (अप्राविधिक) पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।

### सूचना नं. ५३/०७९-८०, मिति २०७९/०९/१३

यस कार्यालयको **विज्ञापन नं. १४४०२-१४४०६/०७८-७९ (खुला तथा समावेशी),को संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत** राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक), **खरिदार वा सो सरह पदमा दाङ परीक्षा केन्द्र** राखी प्रथम चरणको परीक्षा उत्तीर्ण भएका परीक्षार्थीहरुको **द्वितीय चरणको लिखित परीक्षा** पूर्वनिर्धारित परीक्षा कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित)को पालना गर्ने गराउने गरी निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति/समय | परीक्षा अवधि |
|---|---|---|---|---|
| द्वितीय | कार्यालय व्यवस्थापन (Office Management) | विषयगत | २०७९/९/२७ गते दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |
| तृतीय | कार्य ज्ञान सम्बन्धी (Job Knowledge Related Subject) | | २०७९/९/२८ गते दिनको २:०० बजे | |

### लिखित परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरुको रोल नं | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ६१०००२ | ६१०५३७ | २०० | रासी बबई क्याम्पस, केन्द्र (क) तुलसीपुर, दाङ। |
| २ | ६१०५३८ | ६१११३७ | २६० | रासी बबई क्याम्पस, केन्द्र (ख) तुलसीपुर, दाङ। |
| ३ | ६१११४२ | ६११६०३ | १८० | रासी बबई क्याम्पस, केन्द्र (ग) तुलसीपुर, दाङ। |
| ४ | ६११६०४ | ६११९२० | १६० | रासी बबई क्याम्पस, केन्द्र (घ) तुलसीपुर, दाङ। |
| ५ | ६११९२१ | ६१२३३० | १८० | ज्ञानज्योति मा.वि. केन्द्र (क) तुलसीपुर, दाङ। |
| ६ | ६१२३३१ | ६१३४९७ | १७४ | ज्ञानज्योति मा.वि. केन्द्र (ख) तुलसीपुर, दाङ। |

**द्रष्टब्य १:-**

१. प्रवेश पत्र बिना कुनैपनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेश पत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ।

२. परीक्षामा प्रवेश पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।

३. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

४. परीक्षा भवनमा झोला, मोवाइल फोन लगायत अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

५. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

**द्रष्टब्य २:- कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क,स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको व्यवस्था गर्नु पर्नेछ।

२. उम्मेदवारले परीक्षा केन्द्र प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा भौतिक दूरी कायम गर्नु पर्नेछ।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।

४. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको व्यहोरा कार्यालयको टेलीफोन नं. ०८२-५२२८२५/०८२-५२००१३ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

| डम्बर बहादुर पुन | पदमबहादुर खत्री | सन्तोष कुमार चौधरी |
|---|---|---|
| (कम्प्यूटर अपरेटर) | (नायव सुब्बा) | (शाखा अधिकृत) |